# नेपाल सरकार

**प्रदेश प्रमुख**

बागमती प्रदेश
हेटौंडा, मकवानपुर

## शुभकामना सन्देश

आज मुस्लिम समुदायमा हर्षोल्लासपूर्वक बकर इद (इद उल अजाह) मनाइँदैछ । रमजान पर्वको ७० औं दिनमा मनाइने यस पर्वको सन्दर्भमा स्वदेश तथा विदेशमा रहनु भएका सम्पूर्ण नेपाली मुसलमान दाजुभाई तथा दिदीबहिनीहरूमा सुख, शान्ति, समृद्धि एवं दिर्घायूका लागि हार्दिक शुभकामना व्यक्त गर्दछु । हिजरी संवत अनुसार १४४० वर्ष पहिले अल्लाहको आदेशमा इब्राहिमले आफ्ना छोरा इस्माएल अलेह सलामलाई बलिदान गर्न तयार भएको सम्झनामा यो पर्व मनाउन थालिएको विश्वास गरिन्छ । मुस्लिम समुदायको अत्यन्त ठूलो पर्वका रुपमा रहेको बकर इदमा रिस, राग र द्वेषलाई बिर्सेर एकआपसमा खुशी, सद्भाव तथा शुभभावना व्यक्त गर्ने गरिन्छ । बहुभाषिक, बुहधार्मिक, बहुसांस्कृतिक विविधताले भरिपूर्ण हाम्रो नेपाली समाजमा यस्ता चाडपर्वको माध्यमबाट विभिन्न जातजाति तथा समुदायको मौलिक संस्कृति र परम्पराको संरक्षण एवं सम्बर्धन हुन सघाउ पुग्दछ भन्ने विश्वास लिएको छु ।

अन्तमा जातीय, धार्मिक एवं सांस्कृतिक विविधताबीच हामीलाई आपसी सद्भाव, सहिष्णुता, मेलमिलाप र एकताको शुत्रमा बाँधी राख्न यस पर्वबाट प्रेरणा मिलोस् भन्दै पुनः शुभकामना व्यक्त गर्दछु ।

**२०८० असार १४ गते बिहीवार ।**

नेपाल सरकार
प्रदेश प्रमुखको कार्यालय
बागमती प्रदेश
हेटौंडा, मकवानपुर

**यादवचन्द्र शर्मा**
**प्रदेश प्रमुख**